# स्थानीय तह लिखत प्रमाणीकरण/(कार्यविधि) ऐन, २०७४
# (नमूना)

प्रमाणीकरण र प्रकाशन मिति

२०७४।..।..

२०७४ सालको ऐन नं. ....

स्थानीय तहको लिखत प्रमाणीकरणको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : स्थानीय तहको लिखतहरुको प्रमाणीकरण कार्यविधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले ......... स्थानीय तह गठन भएको .......... वर्षमा ........... सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "स्थानीय तहको लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०७४" रहेकोछ

(२) यो ऐन ........तहको सभाले प्रमाणिकरण गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ (४) बमोजिमको गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ । सो शब्दले गाउँसभा, नगरसभालाई समेत जनाउनेछ ।

(ग) "अध्यक्ष वा प्रमुख" भन्नाले गाउँपालिको हकमा अध्यक्ष र नगरपालिकाको हकमा प्रमुख सम्झनु पर्दछ ।

(ख) "लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः–

(१) ऐन,

(२) स्थानीय सरकारले बनाएको नियम,

(३) स्थानीय तहले जारी गरेको आदेश,

(४) स्थानीय तहद्वारा पारित प्रस्ताव,

(५) स्थानीय तहले जारी गरेको अधिकारपत्र,

(६) स्थानीय कार्यपालिकाको निर्णय,

(७) स्थानीय तहको कानूनद्वारा नियुक्ति हुने पदको नियुक्तिपत्र,

(८) स्थानीय तहको कानून बमोजिम स्थानीय तहले दिने नियुक्ति, सरुवा र अवकाशपत्र,

(९) स्थानीय तहको कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत,

(ख) “प्रामाणिक प्रति” भन्नाले लिखत प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनु पर्छ ।

(ग) “सचिव” भन्नाले स्थानीय तहको सचिव सम्झनु पर्छ ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **ऐनको प्रमाणीकरण कार्यविधिः**

(१) स्थानीय तहको सभाबाट विधेयक पारित भएपछि स्थानीय तहको सचिवले त्यस्तो विधेयक नेपाली कागजमा चार प्रति तयार गरी प्रमाणीकरणको लागि स्थानीय तहको अध्यक्ष वा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा स्थानीय तहको अध्यक्ष वा प्रमुखले स्थानीय तहको सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा स्थानीय तहको अध्यक्ष वा प्रमुखल मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति स्थानीय तहको सचिवले राखी अन्य एक/एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र स्थानीय तहको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा स्थानीय तहको सचिवले ऐन पमाणीकरण भएको मिति राखी सो ऐन प्रकाशन गरी सार्वजनिक सूचनाको माध्यमबाट स्थानीय तहमा प्रचार गर्नुपर्नेछ ।

४. **स्थानीय तहको सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरणः**

(१) नेपालको संविधानको धारा २२६ तथा स्थानीय तहको कानून बमोजिम स्थानीय तहको सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण स्थानीय तहको अध्यक्ष वा प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा स्थानीय तहको सचिवले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ ।

५. **स्थानीय तहबाट जारी हुने आदेश, अधिकारपत्र, सूचनाको प्रमाणीकरण** :

(१) नेपालको संविधान तथा स्थानीय तहको कानून बमोजिम स्थानीय तहबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखतको प्रमाणीकरण स्थानीय तहको अध्यक्ष वा प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति स्थानीय तहको सचिवले राखी अन्य एक/एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र स्थानीय तहको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

६. **नियम, आदेश अधिकारपत्रको प्रमाणीकरण आदिः**

(१) देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा स्थानीय तहको कार्यपालिकाले निर्णय गरेपछि सोको आधारमा स्थानीय तहको सचिवले त्यस्तो लिखत प्रमाणीकरणका लागि दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति स्थानीय तहको सभा सम्वद्ध इकाइमा राखी अर्को प्रति कार्यान्वयन गर्ने इकाईमा पठाउनु पर्नेछ :-

(क) स्थानीय तहको कार्यपालिकाले बनाएको नियम,

(ख) स्थानीय तहको कार्यपालिकाले जारी गरेको आदेश,

(ग) स्थानीय तहको कार्यपालिकाले जारी गरेको अधिकारपत्र,

(घ) स्थानीय तहको कानून बमोजिम स्थानीय तहको कार्यपालिकाले गर्नु पर्ने निर्णय, जारी गर्नु पर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रामाणिक प्रति सम्बन्धित स्थानीय तहको सम्बन्धित इकाईले सुरक्षित राखी सोको आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।

७. **स्थानीय तहको अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः**

दफा ३, ४, ५, र ६ मा लेखिएदेखि बाहेकका स्थानीय तहको अन्य लिखतको प्रमाणीकरण सम्बन्धित सचिव वा निजले तोकेको अधिकृतबाट हुनेछ ।

८. **स्थानीय तहको कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण :**

(१) स्थानीय तहको कानून बमोजिम अध्यक्ष वा प्रमुखबाट नियुक्ति हुने पदको नियुक्तिपत्र अध्यक्ष वा प्रमुखको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिहरुमध्ये एक प्रति स्थानीय तहको सचिवले राखी अन्य एक/एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र स्थानीय तहको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक स्थानीय तहको कानून बमोजिम नियुक्ति हुने अन्य पदको नियुक्ति तोकिएको अधिकारीद्वारा तोकिए बमोजिम प्रमाणीकरण भई तोकिए बमोजिम कार्यान्वयन हुनेछ ।

९. **आदेशको प्रमाणीकरण :**

दफा ६ मा लेखिएदेखि बाहेक स्थानीय तहको अन्य आदेश सम्बन्धित स्थानीय तहको सचिवबाट प्रमाणीकरण हुनेछ ।

१०. **अन्य लिखतको प्रमाणीकरणः**

दफा ३, ४, ५, ६, ७, ८, ९ र मा उल्लेख भएदेखि बाहेकका तोकिए बमोजिमका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण तोकिएको अधिकारीद्वारा तोकिए बमोजिम हुनेछ ।

११. **अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपनः**

कुनै लिखत प्रमाणीकरण सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१२. **सार्वजनिक लिखतको राष्ट्रिय अभिलेख राख्नु पर्नेः**

(१) यस ऐन बमोजिम प्रमाणीकरण भएको सार्वजनिक लिखत तोकिएको अवधि पूरा भएपछि तोकिएको कार्यविधि पूरा गरी स्थानीय तहको अभिलेखालयमा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहको अभिलेखालयमा राख्दा तोकिए बमोजिमका सार्वजनिक लिखतको माइक्रो फिल्म तयार गरी राख्नु पर्नेछ ।

१३. **दण्ड सजायः**

(१) कसैले ऐनको कीर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका ऐनलाई केरमेट गरेमा निजलाई कसूरको मात्रा अनुसार दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ ।

(२) उपदफा (१) मा लेखिएर्देख बाहेक अन्य कसूर गर्नेलाई छ महिनादेखि दुई वर्षसम्म कैद हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कसूर गर्न उद्योग वा दुरुत्साहन गर्ने वा मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) यस दफा बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने सो बापत क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ ।

**१४. सरकारवादी मुद्दा हुनेः**

यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

**१५. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि स्थानीय तहको कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७४।..।..

स्थानीय तह लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरा स्थानीय तहको कार्यपालिकाल देहायका नियमहरु बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "स्थानीय तह लिखत प्रमाणीकरण नियमावली, २०७४" रहेकोछ ।

(२) यो नियमावली स्थानीय तहको अध्यक्ष वा प्रमुखबाट प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले केही स्थानीय तह लिखत प्रमाणीकरण (कार्यविधि) ऐन,२०७४ सम्भन्नु पर्छ ।

(ख) "सचिव" भन्नाले स्थानीय तहको सचिव सम्भन्नु पर्छ ।

**३. स्थानीय तहको कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण :**

(१) ऐनमा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम स्थानीय तहको कार्यपालिकाबाट हुने नियुक्तिको प्रमाणीकरण सचिवबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको आधारमा स्थानीय तहको विभिन्न सेवाको अधिकृत सो सरहको पदको नियुक्ति भए सचिव आफैले नियुक्तिपत्र दिनेछ ।

(३) उपनियम (२) मा लेखिएदेखि बाहेक अन्य पदको नियुक्ति भए सचिवले उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको प्रतिलिपि सम्बन्धित इकाईमा पठाउनेछ र त्यस्तो इकाई प्रमुखले सम्बन्धित व्यक्तिलाई नियुक्ति पत्र दिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको सचिवको नियुक्ति पत्र अध्यक्ष वा प्रमुखले दिनुपर्नेछ ।

**४. अन्य सार्वजनिक लिखतको प्रमाणीकरण :**

(१) ऐन वा यस नियमावलीमा लेखिएदेखि बाहेक स्थानीय तहबाट भएका निर्णय वा जारी भएका आदेश वा अधिकारपत्रमध्ये स्थानीय तहको कार्यपालिकाबाट भएका वा जारी भएका निर्णय, आदेश वा अधिकारपत्र भए सचिवबाट र सो बाहेक अन्य किसिमका लिखत, आदेश वा कामकारबाई वा निर्णयको प्रमाणिकरण अध्यक्ष वा प्रमुखको निर्णय बमोजिम हुनेछ ।

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास लिखत प्रमाणीकरणका लागि स्थानीय तहको कानून बमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो सार्वजनिक लिखत त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनु पर्नेछ ।

**५. नेपाल राजपत्रमा प्रकाशन गर्न :**

(१) ऐन वा यस नियमावली बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि स्थानीय तहले प्रकाशन गर्नु पर्नेछ :-

(क) स्थानीय तहबाट भएका घोषणापत्र

(ख) ऐन

(ग) नियम, स्थानीय तहले जारी गरेको आदेश वा अधिकारपत्र,

(घ) स्थानीय तहको कानून अन्तर्गतका नियुक्ति वा अन्य सूचना,

(ङ) ऐन, नियम वा आदेश अन्तर्गत वा स्थानीय तहको निर्णय बमोजिम प्रकाशन गर्नु पर्ने सूचना,

(च) स्थानीय तह पक्ष भएका राष्ट्रिय, अन्तराष्ट्रिय सम्झौता

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन गर्दा ऐन, आदेश वा सम्झौता, नियम स्थानीय तहको सचिवले अन्य सूचना भए स्थानीय तहको जुन इकाईबाट कार्यान्वयन हुने हो सोही इकाईको प्रमुखले प्रकाशन गर्नेछ ।

६. स्थानीय तहको अभिलेखालयमा पठाउनु पन :

(१) ऐन वा यस नियमावली बमोजिम पमाणीकरण भएका देहायका लिखतका प्रमाणिक प्रतिहरु देहायको अवधि पूरा भएपछि सम्बन्धित स्थानीय तहले अभिलेख सुरक्षित राख्नका लागि स्थानीय तहको अभिलेखालयमा पठाउनु पर्नेछ :-

(क) ऐन भए वीस वर्ष,

(ख) स्थानीय तह पक्ष भएको सम्झौता भए दश वर्ष,

(ग) नियम, आदेश भए दश वर्ष,

(घ) स्थानीय तहले अभिलेखालयमा अभिलेख सुरक्षित राख्नका लागि पठाउनु पर्ने भनी निर्णय गरेको अन्य लिखत भए पाँच वर्ष ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएका सार्वजनिक लिखतहरुमध्ये स्थानीय अभिलेखालयले ऐन तथा राष्टिय तथा अन्तराष्टिय रुपमा भएका सम्झौताको प्रामाणिक प्रतिको माइक्रोफिल्म तयार गरी त्यस्तो प्रति र माइक्रोफिल्म सुरक्षित साथ राख्न पर्नेछ ।